कृषि शहर-पाँचखाल नगर"

# पाँचखाल नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बाग्मति प्रदेश, नेपाल

पं.सं: २०७७/७८
च.न. : 3229

मिति: २०७८/०१/१६

विषय:- जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
श्री शाखा सबै,
पाँचखाल न. पा., काभ्रेपलाञ्चोक ।

प्रस्तुत सम्बन्धमा यस नगरपालिकाको स्वीकृत बार्षिक बजेट बमोजिम उपभोक्ता समिति गठन भई सम्पन्न गरिने निर्माण सम्बन्धी कार्यहरुको तहाँ स्थित कार्यलयबाट भुक्तानीको प्रयोजानार्थ यस कार्यालयलाई उक्त उपभोक्ता समितिले सम्पादन गरेको योजनाको सिफारिश गर्दा तपशील बमोजिमको कागजातहरु तथा प्रक्रिया पुरा भए/नभएको एकिन गरि पेश गर्नहुन र कुनै योजना संचालन गर्न गठित उपभोक्ता समितिलाई समेत जानकारी गराउनुहुन निर्णय अनुसार अनुरोध गर्दछु ।

**तपशील:**

१. स्वीकृत योजनाको फोटोकपि
२. वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको रोहवरमा नियमानुसार उपभोक्ता समिति गठन गरि सोको निर्णय पुस्तिका
३. वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा आन्तरिक समिति गठन गरि सोको निर्णय पुस्तिका
४. उपभोक्ता समितिका सम्पुर्ण पदाधिकारीहरुको विवरण (अनुसुचि १) तथा नागरिकताको फोटोकपि
५. वडा कार्यालयबाट योजना र उपभोक्ता समितिको बिस्तृत विवरण सहितको सम्झौताको लागी सिफारिश पत्र
६. स्वीकृत लागत अनुमान
७. योजना सम्झौताको निवेदन (यस कार्यालयमा दर्तासहित)
८. योजना सम्झौता लागी योजना शाखाबाट सबै ब्यहोरा समेटी टिप्पणी आदेश तयार गरि प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत हुनुपर्ने
९. योजना सम्झौता (विवरण पुर्ण भरिएको हुनुपर्ने)
१०. यस कार्यालयले प्रदान गरेको कार्यदिश
११. खाता संचालन पत्र
१२. काम शुरु गर्न अघिको साइटको डिजिटल फोटों फोटो

१३. कार्य संचालन भईरहदाको डिजिटल फोटो
१४. कार्य सम्पन्न भई प्राविधिक मुल्याङ्कनको लागी निवेदन (यस कार्यालयमा दर्ता हुनुपर्ने)
१५. कार्य सम्पन्न भएको ब्यहोरा सहित वडाबाट सिफरिश पत्र
१६. कार्य सम्पन्न भएको दिनको डिजिटल फोटो (मिति देखिनुपर्ने)
१७. प्राविधिक मुल्याङ्कन (कार्य सम्पन्न प्रतिवेदन, अन्तिम मुल्याङ्कन र नापी किताब)
१८. उपभोक्ता समितिको भौतिक तथा बित्तीय प्रगति प्रतिवेदन (अनुसुचि ६)
१९. खर्च सार्वजनिक सूचना (अनुसुचि ४)
२०. सार्वजनिक परीक्षण फाराम (अनुसुचि ३)
२१. कार्य सम्पन्न, खर्च सार्वजनिक तथा रकम माग सहितको उपभोक्ता समितिको निर्णय पुस्तिका
२२. भ्याट सहित रकम राखि भएको लागत अनुमान बमोजिम भएको कार्यहरुमा प्रयोग हुने निर्माण सामग्रीहरुको बिल अनिवार्य रुपमा भ्याट बिल हुनुपर्ने तथा सो सामग्रीहरुको ढुवानीको बिल प्रयोग भएमा सोमा समेत भ्याट समावेश भरिएको हुनुपर्ने
२३. अनुगमनको माग सहितको निवेदन (यस कार्यालयमा दर्ता हुनुपर्ने)
२४. नियमानुसार वडा स्तरीय वा नगरस्तरीय अनुगमन समितिको प्रतिवेदन
२५. अन्तिम भुक्तानी ब्यहोरा सहितको निवेदन (यस कार्यालयमा दर्ता हुनुपर्ने)
२६. भुक्तानीको लागी योजना शाखाबाट सबै ब्यहोरा समेटी टिप्पणी आदेश तयार गरि प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत हुनुपर्ने

२०७८/१/१६
..................
(बिदुर कुमार धिमाल)
उप सचिव-लेखा (नवौं तह)
उप-सचिव (लेखा) नवौं तह